गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि ज्ञान केन्द्र, गोरखा

## आवेदन पेश गर्ने सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मिति:२०८२/०५/१९)

कृषि ज्ञान केन्द्र, गोरखाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गोरखा जिल्ला भित्र देहायका कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ४० दिन (मिति २०८२/०६/२७) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु समावेश गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रु.लाख) | आवेदकले पालना गर्नुपर्ने विषय तथा अनुदान प्रतिशत |
|---|---|---|---|---|
| १ | चैते धान उत्पादन प्रवर्धन कार्यक्रम | ६७ हेक्टर | ६७ | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तीमा ५० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| २ | समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५७ हेक्टर | ७४.१ | कार्यक्रम सञ्चालनका लागि कृषि फर्म/कृषि कम्पनीको हकमा कम्तीमा २० रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै समूह/सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तीमा १ रोपनीमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्नेछ। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| ३ | लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | १ पटक | २०.५ | मध्यपहाडी लोकमार्गसँग जोडिएका स्थानीय तह (भिमसेनथापा गा.पा., आरुघाट गा.पा.,सिरानचोक गा.पा. र पालुङ्टार न.पा.) का कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| ४ | फलफूलवाली सम्बन्धी कार्यक्रम | | | |
| ४.१ | फलफूल वगैंचा स्थापना तथा विस्तार कार्यक्रम | १६ हेक्टर | २४ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| ४.२ | फलफूल वगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | २५ हेक्टर | १५ | |
| ४.३ | सुन्तलाजात फलफूल वगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५ हेक्टर | ७.५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| ४.४ | सुन्तलाजात फलफूल वगैंचा सुदृढीकरण सहयोग कार्यक्रम | १८ हेक्टर | १०.८ | |
| ४.५ | उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रम | १५ रोपनी | १६.५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १ रोपनी र कृषक समूह/सहकारीको हकमा न्युनतम १० रोपनी। अनुदान : बढीमा ७५ प्रतिशत |
| ५ | कृषि उद्यम प्रवर्द्धन कार्यक्रम | | | |
| ५.१ | कृषि उद्यम विकास कार्यक्रम | ८ संख्या | ४० | कृषि उपजको ग्रेडिङ, लेवलिङ, प्याकिङ तथा प्रशोधन कार्यमा लागत साझेदारी हुने। अनुदान : बढीमा ५० प्रतिशत |
| ५.२ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ५ पटक | २५ | कफी, अलैंची, चिया, मह आदिको उत्पादन तथा बजारीकरणका लागि आवेदन दिन सकिनेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र कृषक समूह/सहकारीको हकमा न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। मौरीको हकमा समूह/सहकारी मार्फत न्युनतम २०० घार तथा फर्मको लागि न्युनतम ५० घारमा मौरीपालन हुनुपर्ने। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| ५.३ | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | १ पटक | २ | कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाबाट पुष्पखेति व्यवसाय स्थापना तथा विस्तारका लागि आवेदन पेश गर्न सकिने। अनुदान : बढीमा ५०-९० प्रतिशत |
| ६ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | २ पटक | १० | कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। अनुदान : बढीमा ५०-९० प्रतिशत |

CamScanner

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रु.लाख) | आवेदकले पालना गर्नुपर्ने विषय तथा अनुदान प्रतिशत |
|---|---|---|---|---|
| ७ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | १ संख्या | ५ | ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म, कृपक समूह/कृषि सहकारी संस्थाले मात्र आवेदन पेश गर्ने। अनुदान : वढीमा ५०-९० प्रतिशत |
| ८ | व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम | १ पटक | ३० | कृषि फर्म/कम्पनी मार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मि. क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिनमा १० रोपनी वा संरक्षित संरचनाभित्र १००० वर्ग मि. क्षेत्रफलमा खेती गर्नुपर्नेछ। अनुदान : वढीमा ५० प्रतिशत |
| ९ | खाद्यान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम | २५ हेक्टर | २५ | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। अनुदान : वढीमा ५०-९० प्रतिशत |
| १० | आत्मनिर्भरताको लागि वीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | १० हेक्टर | १५ | खाद्यान्नवाली, तरकारी वाली, आलु, तेलहन र दलहन वालीको कलष्टरमा वीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। अनुदान : वढीमा ५०-९० प्रतिशत |

**कार्यक्रमबाट उपलब्ध हुने अनुदान प्रतिशत:**

- विरुवा, कृषि यन्त्र तथा कृषि सामाग्रीहरुमा वढीमा ७५% अनुदान उपलब्ध हुने।
- कृषि पूर्वाधार निर्माण(समुदायस्तर लाभान्वित हुने साना सिँचाई संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्वन्धित सामुदायिक पूर्वाधार निर्माण कार्यमा वढीमा ९०% अनुदान। व्यक्तिगत कृषि फर्मको हकमा वढीमा ५०% अनुदान उपलब्ध हुने।
- उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रमबाट स्याउका विरुवा खरिदमा मात्र वढीमा ७५% अनुदान उपलब्ध हुने।

**आवश्यक कागजातहरु:**

| | |
|---|---|
| १) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन | २) प्रस्तावना फाराम |
| ३) नेपाली नागरिकताको प्रमाणपत्र | ४) जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि |
| ५) वडा कार्यालय/सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र | ६) समूह/सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि |
| ७) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, समान प्रकृतिको कार्यका लागि अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र । | |
| **निवेदन र प्रस्तावको ढाँचा यस कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट उपलब्ध हुनेछ तथा कार्यालयको वेभसाईट *www.gorkha.akc.gov.np* बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित स्थानीय तहको कृषि शाखामा पनि आवेदन पेश गर्न सकिनेछ।** | |

पुनश्च : गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम सञ्चालन सम्वन्धि स्वीकृत/संशोधित मापदण्ड अनुसार माथि उल्लेखित कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गरिनेछ।

**थप जानकारीको लागि :**

फोन नं. ०६४-४२०११३ वा सूचना अधिकारी-९८५६०७०६४९ वा गुनासो सुन्ने अधिकारी-९८५६०४०६४९ वा कार्यालय प्रमुख फोन नं. ९८५६०३०६४९

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गोरखा

प्रकाश बस्ताकोटी
प्रमुख

CamScanner